जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

**प्रस्तावहरु:**

१. लुम्बिनी प्रदेश सरकारको विशेष अनुदानतर्फका आयोजना/कार्यक्रमहरु प्रस्ताव गर्ने सम्बन्धमा ।

२. लुम्बिनी प्रदेश सरकारको समपूरक अनुदानतर्फका आयोजना/कार्यक्रमहरु प्रस्ताव गर्ने सम्बन्धमा ।

३. जानकी गाउँपालिकाको बेरुजु फस्यौंट निर्देशिका, २०८० कार्यान्वयन सम्बन्धमा ।

४. जानकी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० कार्यान्वयन सम्बन्धमा ।

५. जानकी गाउँपालिकाको वार्षिक योजना/कार्यक्रम तथा बजेट तर्जुमा दिग्दर्शन,२०८० कार्यान्वयन सम्बन्धमा ।

६. जानकी गाउँपालिकाको वातावरण सरसफाई तथा फोहरमैला व्यवस्थापन कार्यविधि,२०८० कार्यान्वयन सम्बन्धमा ।

७. जग्गा भोगाधिकार सम्बन्धमा ।

८. करार कर्मचारीहरुको तलब भुक्तानी सम्बन्धमा ।

९. खुल्ला चौपाया संरक्षण तथा व्यवस्थापन संस्थालाई जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

१०. विवध सम्बन्धमा ।

- लागु औषध सम्बन्धी सचेतना कार्यक्रम सम्बन्धमा ।
- आर्थिक सहयोग सम्बन्धमा ।

**निर्णय तथा छलफलहरु**

प्रस्ताव नं.१ को बुँदामा छलफल गर्दा लुम्बिनी प्रदेश सरकार, लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय राप्ती उपत्यका (देउखुरी),नेपालको चलानी नं. ५०२, मितिः २०८०/१२/२७ गतेको विशेष अनुदानतर्फका आयोजनाको प्रस्ताव पेश गर्ने सूचना अनुसार **"विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि २०७६ (पहिलो संशोधन, २०८० समेत)"** को दफा ५(२) मा आगामी आ.व. २०८१/८२ मा विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रम चालु आ.व. २०८०/८१ को चैत्र मसान्तभित्र आयोगमा प्रस्ताव पेश गर्नुपर्ने व्यवस्था भएकोले आ.व. २०८१/८२ का लागि **विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७६ तथा विशेष अनुदान कार्यक्रम संचालन (पहिलो संशोधन) कार्यविधि, २०८०** मा तोकिएको क्षेत्र र बजेट सीमाको अधिनमा रही, प्रक्रिया पुरा गरी तथा शर्त सहित तपसिलका आयोजना प्रस्ताव गर्ने भनी सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

- वडा नं. ६ भाटनपुरको मदरसा भवन निर्माण ।
- वडा नं. १ साईगाउँको पचपोखरा विद्यालय भवन निर्माण ।

प्रस्ताव नं.२ को बुँदामा छलफल गर्दा लुम्बिनी प्रदेश सरकार, अर्थ मन्त्रालय राप्ती उपत्यका (देउखुरी),नेपालको मितिः २०८०/१२/२६ गतेको समपूरक अनुदानतर्फका आयोजनाको प्रस्ताव पेश गर्ने सूचना अनुसार **प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि,२०७८** बमोजिम **आर्थिक वर्ष २०८१/८२** का लागि प्रदेश समपूरक अनुदान अन्तर्गत कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रमको प्रस्ताव सहितको विवरण तथा सूचना पत्रमा संलग्न शर्तहरुको अधिनमा रहि साथै कार्यविधिले तोकेको समयभित्र पठाउन,तोकिएको क्षेत्र र बजेट सीमाको अधिनमा रही, प्रक्रिया पुरा गरी तथा शर्त सहित तपसिलका आयोजनाहरु प्रस्ताव गर्ने भनी सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल :</u>

- **वडा न. ५ बुढियागाउँ देखि वडा नं. ४ को बाबाकुट्टी सम्म सडक स्तरउन्नति।**

प्रस्ताव नं.३ को बुँदामा छलफल गर्दा यस जानकी गाउँपालिकाले आन्तरिक वा अन्तिम लेखापरीक्षण बेरूजु फस्र्योट कार्यमा सरलता, एकरूपता र प्रभावकारीता वृद्धि गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी **जानकी गाउँपालिकाको बेरुजु फस्यौंट निर्देशिका,** २०८० पारित गर्ने निर्णय गरियो।

प्रस्ताव नं.४ को बुँदामा छलफल गर्दा संविधानको धारा २२९ को उपधारा (२) बमोजिम यस जानकी गाउँपालिकाको सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन, बजेट तर्जुमा, निकासा तथा खर्च, आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा आर्थिक गतिविधिलाई व्यवस्थित गरी स्थानीय वित्तीय व्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाई स्थानीय सरकारको आर्थिक कार्यविधि नियमित र व्यवस्थित गर्न **जानकी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,** २०८० पारित गर्ने निर्णय गरियो।

प्रस्ताव नं.५ को बुँदामा छलफल गर्दा **जानकी गाउँपालिकाको वार्षिक योजना/कार्यक्रम तथा बजेट तर्जुमा दिग्दर्शन,**२०८० पारित गर्ने निर्णय गरियो।

प्रस्ताव नं.६ को बुँदामा छलफल गर्दा **जानकी गाउँपालिकाको वातावरण सरसफाई तथा फोहरमैला व्यवस्थापन कार्यविधि,** २०८० पारित गर्ने निर्णय गरियो।

प्रस्ताव नं.७ को बुँदामा छलफल गर्दा मिति २०७९/०२/१७ गते बसेको कार्यपालिका बैठकको निर्णयानुसार यस जानकी गाउँपालिकाको वडा नं. ३ अन्तर्गत रहेको साविक ईन्द्रपुर गा.वि.स. वडा नं. ९ घ कि.नं. १६८ को ज.वि १-१२-७ ऐलानी प्रति जग्गा गाउँपालिकाकै रेखदेखमा रही तत्काल यस गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्न कि.नं.१६८ जग्गाको उत्तर पश्चिम तर्फबाट ज.वि. ०-१३-३ जानकी गाउँपालिका

बाँकेको नाममा जग्गा धनि प्रमाण-पत्र पुर्जा तथा भोगाधिकार कायम गर्नको लागि सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय भई पत्राचार गर्दा समेत हाल सम्म भोगाधिकार गर्ने प्रक्रिया अगाडी नभएको हुँदा भोगाधिकार गर्न सम्बन्धित निकायमा पुन पत्राचार गर्ने निर्णय गरियो।

प्रस्ताव नं.८ को बुँदामा छलफल गर्दा जानकी गाउँपालिका,गाउँ कार्यपालिका कार्यालय तथा वडा कार्यालयहरुमा कार्यरत सम्पुर्ण करार कर्मचारीहरुको चैत्र महिनाको तलबलाई अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.९ को बुँदामा छलफल गर्दा जानकी गाउँपालिका अन्तर्गत वडा नं. ४ खजुराखुर्दको मितिः २०८०/१२/३० गते,च.नं. १४६० को प्राप्त सिफारिस अनुसार जानकी गाउँपालिका वडा नं. ४ मा संचालित खुल्ला चौपाया संरक्षण तथा व्यवस्थापन संस्थाले विगत ३ वर्ष देखि यस क्षेत्रमा छाडा चौपाया संरक्षण गर्ने विषयमा सचेतना मूलक तथा जनजागरण कार्यक्रम गर्दै आईरहेको र हाल १ वर्ष देखि जागा भाडामा लिएर कान्जी हाउस बनाई छाडा पशु व्यवस्थापन गर्दै आएकोमा पशुहरुको संख्या वृद्धि भएका कारण सो जग्गामा पशु व्यवस्थापन गर्न समस्या परेको हुँदा यसै जानकी गा.पा. वडा नं. ४ को जानकी नगरमा रहेको खजुराखुर्द गा.वि.स. वडा नं. ६,सि नं ०३५-१३२६, कित्ता नं. १२ मध्ये दक्षिण तर्फ प्रति परेको ऐलानी जग्गामा कान्जी हाउस/गौशाला निर्माणका लागि खुल्ला चौपाया संरक्षण तथा व्यवस्थापन संस्थालाई २५ वर्षको लागि जग्गा निशुल्क दिने निर्णय गरियो ।

प्रस्ताव नं.१० को बुँदा मा छलफल गर्दा तपशिल बमोजिमको निर्णय गरियो ।

<u>तपसिल :</u>

- आ.व. २०८०/८१ वार्षिक बजेट तथा कार्यक्रमको क्रम संख्या २० मा रहेको लागु औषध सम्बन्धी सचेतना कार्यक्रम खजुरा-४, बाँकेको सहायताका लागि सहयोगी हातहरु लाई संचालन गर्न दिने निर्णय गरियो ।
- जानकी गाउँपालिका अन्तर्गत वडा नं. ४ को श्री राम जानकी मन्दिर(जंगली दास बाबा कुट्टी) मा मिति २०८०/१२/२७ गते देखि लगातार ९ दिन सम्म नवरात्रीको अवसरमा श्री शत चन् महायज्ञ एवम श्रीमद भागवत कथा दिब्य एवम भब्य रुपले संचालन हुने र रात्री धार्मिक झाँकी समेत प्रदर्शन हुने भएकोले उक्त कार्यक्रममा रु.७५,०००/-(अक्षरेपी पच्छत्तर हजार मात्र) आर्थिक सहायता शिर्षकबाट दिने निर्णय गरियो ।